“सुशासनयूक्त सक्षम एवं सवल स्थानीय सरकारः
पूर्वाधार निर्माण, कृषि, पर्यटन र सशक्तिकरण करैयामाईको आधार”

# एघारौं गाउँसभा
# आर्थिक वर्ष २०७९/०८० को
# नीति, कार्यक्रम तथा बजेट

## करैयामाई गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

करैया, बारा

मधेश प्रदेश, नेपाल

सुशासनयूक्त सक्षम एवं सबल स्थानीय सरकार
पूर्वाधार निर्माण, कृषि, पर्यटन र सशक्तिकरण करैयामाईको आधार

# करैयामाई गाउँपालिका

करैया, बारा

मधेश प्रदेश, नेपाल

# एघारौं गाउँसभा

२०७९/२०८०

**कार्यसुची**

२०७९/०३/०९

- सभा सदस्य उपस्थिति
- सभाध्यक्ष सभामा प्रवेश
- राष्ट्रियगान
- ज्ञात-अज्ञात सहिदहरु प्रति श्रद्धान्जली
- आर्थिक वर्ष २०७८/०७९ को करैयामाई गाउँपालिका अर्थ सम्बन्धी ऐन,२०७८ लाई संसोधन/विस्थापन गर्न वनेको विधेयक, २०७९ गाउँसभा समक्ष दफावार छलफल र निर्णयार्थ पेश।
- आर्थिक वर्ष २०७८/०७९ को करैयामाई गाउँपालिको विनियोजन ऐन, २०७८ लाई संसोधन/विस्थापन गर्न वनेको विधेयक, २०७९ गाउँसभा समक्ष दफावार छलफल र निर्णयार्थ पेश।
- गाउँसभामा आ.व. २०७८/०७९ को श्रावण १ देखी हाल सम्ममा भए गरेका निर्णय तथा कार्यहरु अनुमोदनका लागि गाउँसभामा पेश।
  - क. कार्यपालिकाले गरेका हालसम्मका निर्णयहरु
  - ख. सञ्चालित योजना कार्यान्वयन अनुमोदन
  - ग. आम्दानी तथा खर्च अनुमोदन
  - घ. निर्णय एवं निर्देशन वमोजिम पदाधिकारी तथा कर्मचारीहरुवाट भए गरेका कार्यहरुको अनुमोदन
- अन्य विभिन्न प्रस्ताव सभामा पेश
- विविध।

सुशासनयूक्त सक्षम एवं सवल स्थानीय सरकार
पूर्वाधार निर्माण, कृषि, पर्यटन र सशक्तिकरण करैयामाईको आधार

# करैयामाई गाउँपालिका

**करैया, बारा**

**मधेश प्रदेश, नेपाल**

# एघारौं गाउँसभा

२०७९/२०८०

२०७९/०३/०९

**गाउँसभा अध्यक्षज्यू गाउँसभामा प्रवेश र राष्ट्रिय गान**

**अध्यक्षज्यू वाट गाउँसभा सञ्चालन,**

**गरिमामय गाउँसभाका सभासद ज्यूहरु, सवैलाई यस एघारौं गाउँसभामा हार्दिक स्वागत गर्दछु।**

विभिन्न समय र चरणका आन्दोलनहरुले संघिय गणतन्त्र नेपालको स्थापना भएको छ। जसको कारण जसको लागि उसैको शासन अन्तरगत आज हामी करैयामाई गाउँपालिकाको स्थानीय सरकारको एघारौं गाउँसभामा आइपुगेका छौं। यस पृष्ठभुमीमा यो अवस्था वनाउन आफुलाई वलिदान दिई अतुलनिय योगदान दिने ज्ञात अज्ञात सहिदहरु प्रति भावपूर्ण श्रद्धान्जली व्यक्त गर्दै सम्मान स्वरुप एक मिनेट मौनधारणका लागि अनुरोध गर्दछु।

**सभामा एक मिनेट मौन धारण।**

करैयामाई गाउँसभा सञ्चालन कार्यविधि, २०७६ वमोजिम मेरो अनुमतीले सदस्य सचिववाट सभा तयारी, कार्यसूची तथा व्यस्थापन एवं आवश्यक सहयोगका लागि भएको व्यवस्था याहाँहरुमा जानकारी भई सकेको छ। सोहि अनुसार सभा सञ्चालन भएको घोषणा गर्दछु।

## सभाध्यक्षज्यू वाट कार्यसूची अनुसार एघारौं गाउँ सभा सञ्चालन।

सभाध्यक्षज्यूवाट गाउँ कार्यपालिकाको तर्फबाट सभा सदस्य एवं उपाध्यक्ष श्री सुनैना कुमारी चौधरीलाई आर्थिक वर्ष २०७९/०८० को नीति तथा कार्यक्रम सभा समक्ष पेश गर्ने अनुमति प्रदान।
सभा सदस्य एवं उपाध्यक्ष श्री सुनैना कुमारी चौधरीबाट आर्थिक वर्ष २०७९/०८० को नीति तथा कार्यक्रम सभा समक्ष पेश।

**सभामा उपस्थित सम्पूर्ण सभा सदस्य ज्यूहरु,**

नेपालको इतिहासका धेरै अप्ठ्यारा एवं विषम परिस्थिती पार गर्दै आजको अवस्थासम्म आइपुगेको र अनेकौ कठिन मोडहरुमा पनि राष्ट्रिय एकता सार्वभौमकता र स्वाधिनताको झण्डा फहराउदै वीर अग्रजहरुले आजको पुस्तामा राष्ट्र निर्माणको अभिभारा हस्तान्तरित हुँदै आएको छ। नेपाली जनताले आफ्ना प्रतिनिधी मार्फत देशको मूल कानुन (संविधान) निर्माण गर्न सात दशक लामो सपना पूरा भएको छ। संधीय गणतन्त्र नेपालको संविधान लागु भई तीनै तहको निर्वाचन सम्पन्न भएर जनताका प्रतिनिधीहरु मार्फत शासन संचालन भई रहेको यस अवस्थामा देशलाई यो अवस्थासम्म पुर्याउन विभिन्न आन्दोलनमा आफ्नो अमूल्य जिवन उत्सर्ग गर्नु हुने ज्ञात अज्ञात शहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दछु।
संघीय गणतन्त्र नेपालको संविधानको कार्यान्वयन गर्दै क्रमश एउटा कहाली लाग्दो लामो संक्रमणकाल पार गरेर पुनः संरचित स्थानीय तहको दोश्रो निर्वाचन सफलता पूर्वक सम्पन्न भएको छ। यसले हाम्रो लोकतान्त्रिक अभ्यास र आफ्ना प्रतिनिधी मार्फत शासित हुने जन चाहना अनुरुप कार्यहरु सुरु भएको छ।

१. **प्रारम्भ**

## १.१ परिचय

कृषि उत्पादन, तिब्र औद्योगीकरण, ऐतिहासिक एवं पुरातात्विक महत्वको दृष्टीकोणले परिचित बारा जिल्ला भित्रका १६ वटा स्थानिय तह मध्ये करैयामाई गाउँपालिका नेपाल सरकारको मिति २०७३।११।२७ गतेको स्थानिय तह घोषणावाट साविक करैया, हरैया, उमजन, नरही, सिहोर्वा र तेतरिया गाउँ विकास समितिलाई समेटेर गठन भएको हो। ८ वटा वडा कायम भई गाउँपालिकाको नाम करैयामाई र केन्द्र वडा नं. २ करैयामा रहेको छ।
मधेश प्रदेशको बारा जिल्लामा अवस्थित यस गाउँपालिकाको पूर्वमा कोल्हवी नगरपालिका, पश्चिममा कलैया उपमहानगपालिका, उत्तरमा कोल्हवी नगरपालिका तथा जीतपुरसिमरा उपमहानगरपालिका र दक्षिणमा महागढीमाई नगरपालिका, पचरौता नगरपालिका तथा वारागढी गाउँपालिका रहेकोछ। गाउँपालिकाको जम्मा घरधुरी संख्या ४०२६ छ भने जनसंख्यामा महिला १४४६२ जना (४९.७९ प्रतिशत) र पुरुष १४५८३ जना

(५०.२१ प्रतिशत) गरी जम्मा २९०४५ जना रहेको छ। जम्मा क्षेत्रफल ४७.६९ वर्ग कि.मी. रहेको यस गाउँपालिकामा लिच्छवीकालीन, धार्मिक, साँस्कृतिक ऐतिहासिक एवं पर्यटकिय दृष्टिकोणले अत्यन्त महत्वपूर्ण श्री करैयामाईको मन्दिर रहेकोले सो मन्दिरको नामबाट नै गाउँपालिकाको नामाकरण भएको हो। यस करैयामाई गाउँपालिकाको घोषणा भए पश्चात एकातिर गा.वि.स.को सोचले गाउँबासीको अस्तित्व वोध गर्न र गाउँवासी भएको अनुभुती गर्न नपाई पर्याप्त स्रोत साधनको अभावमा समस्या झेलीरहेको अवस्थामा उपलब्ध हुन सक्ने राहत तथा सुविधाहरु सेवा प्रवाहको भुमीका निर्वाह गर्नु पर्ने अवस्था छ।

### १.२ अवसर

आफ्नो समस्या आफनै प्रतिनिधीबाट समाधान गराउन पाउने अधिकार प्राप्तीको लागि मिति २०७९ वैशाख ३० गते यस करैयामाई गाउँपालिकाको दोश्रो स्थानीय तह निर्वाचन सम्पन्न भै हाल गाउँपालिकामा जनताका प्रतिनिधीहरुको प्रतिनिधित्व रहेकोले आगामी दिनमा यस गाउँपालिका भित्रका विकास निर्माणको साथै स्थानीय बासीन्दाको वृत्ती विकास, रोजगार,आयमुलक, शिपमुलक एवम पूर्वाधार तथा दिगो विकासका कार्यक्रमहरु संचालनमा गाउँपालिकाको उद्देश्य र कार्ययोजनामा राजनीतिक दल, संघ संस्था, स्थानीय बासिन्दा समेत सबै क्षेत्र र वर्गको सहभागीता निश्वार्थ ढंगले रहेकाले पुर्ण रुपमा सफलता प्राप्त हुने अवस्था छ।

### १.३ चुनौती

यस गाउँपालिकाबाट हाल सम्म विविध कारणले सम्पन्न गर्न र विगतमा कार्ययोजनामा समावेस गर्न छुट भएका आवश्यकताहरुलाई आगामी दिनमा कार्यान्वयनमा ल्याउन हामीले गाउँक्षेत्रमा आवश्यकता र औचित्यताको पहिचान सहित भू-उपयोग नीति, वातावरण मैत्री स्थानीय शासन, राष्ट्रिय भवन संहिता, खुल्ला क्षेत्र घोषणा, सडक मापदण्ड निर्धारण कार्यान्वयन, सडक बत्ति व्यवस्थापन, राजश्व परिचालन, गाउँपालिका यातायात गुरु योजना, सर्वसाधारणको इन्टरनेटमा पहुँच, सामाजिक सुरक्षा भत्ता सहज वितरण, भ्रष्टाचार सुन्य सहनशील गाउँपालिका घोषणा,सार्वजनिक पार्क स्थापना, सार्वजनिक जग्गा संरक्षण, लैङ्गिक मैत्री र फरक क्षमता भएका व्यक्ति मैत्री कार्यक्रम,वातावरण मैत्री कार्यालय, भवन आचार संहितासम्बन्धी तालिम, बाल श्रम निषेध कार्यक्रम, विषादि रहित कृषि एवं हरित क्षेत्र कार्यक्रम,सरसफाई कार्यक्रम, ऐतिहासिक स्थलको संरक्षण, सडक सुधार र संरक्षण, पर्यटन विकास लगायतका कार्यक्रमहरु सम्पन्न गर्नु पर्ने दायित्व एवं जिम्मेवारी यस गाउँपालिकामा आएको छ। गाउँपालिका क्षेत्रभित्रको सार्वजनिक पर्ति जग्गा संरक्षण, आन्तरिक वजारीकरण व्यवस्था, आर्थिक आय आर्जनका विविध कार्यक्रम, आन्तरिक आय व्यवस्थापन सहित समयानुकुल परिमार्जित कर दस्तुरको व्यवस्थापन, पुरातात्विक सम्पदा, प्राकृतिक सौन्दर्यता र पर्यटन विकास सवल, सक्षम र समृद्ध करैयामाई गाउँपालिका बनाउने र अधिकतम आवश्यकता लाई न्यून्तम स्रोत साधान बाट सम्बोधन गर्नु पर्ने अवस्था हाम्रो लागि चुनौती वनेको छ।

## खण्ड - २

## आगामी आ.व. २०७९/०८० को नीति कार्यक्रम तथा बजेट

करैयामाई गाउँपालिकालाई व्यवस्थित र समृद्ध गाउँपालिका वनाउन आवश्यक ऐन, नियम, नीति, कार्यक्रम समेतको उपयुक्त कार्यन्वयनको लागि निम्न अनुसार नीति, कार्यक्रम बजेटको निर्धारण पेश गरिएको छ।

### २.१ सोच

करैयामाई गाउँपालिकाका गाउँवासीहरुको आधारभुत आवश्यकता पुरा गर्दै विशिष्ट पहिचान सहितको सुन्दर र समृद्ध गाउँपालिका बनाउने मुख्य सोच रहेको छ।

### २.२ लक्ष्य

विभिन्न ऐतिहासिक, पुरातात्वीक, धार्मिक, सामाजिक महत्वका क्षेत्रहरु रहेको करैयामाई गाउँपालिकाको प्राकृतिक सौन्दर्यताको बहुउपयोग सहित पूर्वाधारको विकास, कृषिमा आधुनिकिकरण र नागरीक शसक्तिकरण गर्दै सवल, सक्षम र समृद्धशाली वनाउने लक्ष्यका साथ गाउँपालिकालाई भौतिक, आर्थिक, सामाजिक, शैक्षिक, धार्मिक, तथा सांस्कृतीक दृष्टिकोणले महत्वपूर्ण गाउँपालिकाको रुपमा विकास गरी आर्थिक एवम सामाजिक दृष्टिले समुन्नत, आत्म निर्भर र स्वावलम्वी गाउँपालिका वनाउने लक्ष्य राखिएको छ।

### २.३ उद्देश्य

स्थानीय सरकारको रुपमा निर्वाचित सक्षम र दुर दृष्टीपूर्ण नेतृत्वमा सरकारी, गैरसरकारी निजी क्षेत्र एवं समूदाय सहितको समन्वय र सहभागितामा उपलब्ध स्रोत साधनहरुको समुचित परिचालन गरिनेछ।आर्थिक तथा सामाजिक असमानता हटाउन सुसाशन एवं पारदर्शीता कायम गरी समावेसी समानूपातीक विकासको अवधारणामा गाउँपालिकाको समग्र विकासको लागि भौतिक पूर्वाधार एवं सामाजिक क्षेत्रमा लगानी बृद्धि गरिनेछ।लक्षित वर्गका लागि विशेष कार्यक्रमहरु मार्फत आर्थिक सामाजिक उन्नती र पहुँचमा बृद्धि गर्न गरिवी न्यूनीकरण कार्यक्रम संचालन गरिनेछ। सुशासनको प्रत्याभुती सहित ऐतिहासीक कला, संस्कृती, सम्पदा तथा प्राकृतिक सौन्दर्यतायुक्त स्रोत साधानहरुको अधिकतम परिचालनका साथ समग्र विकास द्धारा देशकै नमूना गाउँपालिकाको रुपमा संस्थागत सवल सक्षम र आत्मानिर्भर वनाउने मुख्य उद्देश्य हुनेछ।

### २.४ अवलम्वनका आधारहरु

बार्षिक योजना बजेट तथा कार्यक्रम तर्जुमा गर्दा अवलम्वन गरिएका प्रमुख पद्धति तथा आधारहरु निम्न अनुसार छन्।

२.४.१ संघीय गणतन्त्र नेपालको संविधानमा व्यवस्था भए अनुसार स्थानीय तहका अधिकारका सुचिकृत विषयहरु।

२.४.२ स्थानीय तह सम्वन्धी जारी आदेश, कार्यविधी, दिग्दर्शन, परिपत्र लगायत कानुनी व्यवस्थाहरु।

२.४.३ राजश्व परामर्श समिति, स्रोत अनुमान तथा वजेट सिमा निर्धारण समिति, वजेट तथा कार्यक्रम तर्जुमा समिति बाट प्राप्त राय सुझावहरु।

२.४.४ वडा, वस्ती स्तरमा भएका छलफलका सुझावहरु एवं संकलन भएका योजना तथा कायक्रमहरु।

२.४.५ विषयगत कार्यालय र निकायवाट प्राप्त राय सुझावहरु।

२.४.६ गाउँपालिकासंग सम्बन्धित विषयहरुमा विभिन्न क्षेत्रका बुद्धिजीवी, विज्ञ, नागरिक अगुवाहरु संगको परामर्शबाट प्राप्त राय एवम सुझावहरु।

## खण्ड ३

## क्षेत्रगत समग्र नीति तथा आधारहरु

गाउँपालिकाको लक्ष्य तथा उद्देश्य प्राप्तीका लागि गाउँपालिकाबाट निम्न अनुसार प्राथमिकताका आधारमा विषयगत क्षेत्रमा नीति, कार्यक्रम तथा बजेटको तर्जुमा गरिएको छ।

### ३.१ सामान्य प्रशासन नीति

३.१.१ गाउँपालिकाबाट उपलब्ध गराउने सेवा सुविधालाई व्यवस्थित र समयानुकुल संचालन गर्न आ.व. २०७६/०७७ मा गाउँपालिकाको आफ्नै भवनवाट सेवा शुरु भएको छ।

३.१.२ गाउँपालिकाको जनप्रतिनिधी, कर्मचारीहरुको क्षमता अभिवृद्धिको लागि आवश्यक पर्ने उपयुक्त तालीम, अध्ययन, अवलोकन गोष्ठी लगायतका कार्यक्रमको लागि आवश्यकता अनुसार निजी तथा संस्थागत समन्वय बाट संचालन गरिने छ।

३.१.३ गाउँपालिकाबाट उपलब्ध गराइने सेवाग्राही संग सम्बन्धीत सेवा सुविधालाई व्यवस्थित गर्नको लागि सहायता कक्षको व्यवस्था गरी दैनिक सेवा प्रवाहलाई सरल र सहज वनाउन पहल गरिनेछ।

३.१.४ गाउँपालिकाबाट उपलब्ध गराउने सार्वजनिक सेवा सुविधाहरु स्पष्ट हुने गरी जवाफदेहीता सहितको नागरिक वडापत्र कार्यान्वयन गरिने छ।

३.१.५ गाउँपालिकाबाट उपलब्ध हुने सेवाहरु असहाय, अपाङ्ग, बृद्ध बृद्धा एवं दृष्टिबिहिनहरुको लागि प्राथमिकताका साथ एकद्धार प्रणालीबाट उपलब्ध गराइनेछ।

३.१.६ कर्मचारीहरुको कार्य सम्पादन मूल्याकंन बिधी प्रभावकारी र बैज्ञानिक बनाई सचेतिकरण तथा पुरस्कृत पद्धतिबाट सोको आधारमा सेवामुखी एवं जवाफदेही बनाईनेछ।

३.१.७ गाउँपालिकाको कर्मचारी कल्याण कोष परिचालन कार्यविधी बनाई कार्यान्वयनमा ल्याईनुका साथै मानव संसाधन विकास कोष, विपद व्यवस्थापन कोष, जोखिममा परेका महिला बालबालिका संरक्षण कोष, वातावरण संरक्षण कोष लगायत विशेष कोषहरु स्थापना गरिनेछ। यी कोषहरु संचालन गर्न कार्यविधी बनाई क्रमश कार्यान्वयनमा लगिनेछ।

३.१.८ मानव संसाधन विकास, संस्थागत विकास, क्षमता विकासलाई उच्च प्राथमिकतामा राखि गाउँपालिका भित्र रहेका मानव संसाधनको रोष्टर तयार गरी आवश्यकता अनुसार परिचालन गरिनेछ।

३.१.९ सुशासन र आर्थिक अनुशासन कायम गर्न गाउँपालिकाको आय व्यय विवरण नियमित प्रकाशित गर्दै लाने व्यवस्था मिलाउदै लगिनेछ।

### ३.२ राजश्व तथा आर्थिक प्रशासन नीति

३.२.१ गाउँपालिकाको क्षेत्रभित्र रहेको आन्तरिक आयका स्रोतहरुको पहिचान र उचित व्यबस्थापन गरी गाउँपालिकाको आन्तरिक स्रोत बृद्धि गर्दै लैजाने नीति अबलम्बन गरिने छ।

३.२.२ गाउँपालिकाको स्वायत्त अधिकार भित्र रहने कर दस्तुरका वृहत क्षेत्रहरुको पहिचान सहित संकलन तथा व्यवस्थापनमा उपयुक्त नीति वनाई स्रोत साधन परिचालन गरिने छ।

३.२.३ आन्तरिक स्रोततर्फ कर, शुल्क, महशुल, जरिवाना आदि असुली लाई प्रभावकारी बनाई गाउँपालिका विकासको गतिलाई थप योगदान दिनको लागि राजश्व असुलीको योजनालाई निरन्तरता दिईनेछ।

३.२.४ व्यबसाय कर, बाहाल कर तथा अन्य स्रोतहरुको लगत अद्यावधिक गर्दै लगिने छ।

३.२.५ करदाताहरुको वर्गिकरण गरी करदाताको घर दैलो मार्फत कर जागरण बढाई कर संकलनमा तिब्रता दिईने छ। साथै साना करदाताहरुलाई करदाता शिक्षा मार्फत कर तिर्न उत्साहित गरिने छ।

३.२.६ गाउँपालिकामा रहेका निर्माणका मेशिन तथा औजारहरु अधिकतम उपयोग बाट आय स्रोतबढाइने छ।

३.२.७ हाल सम्मका पेश्की तथा बेरुजु फर फारकका लागि समिति मार्फत(विज्ञहरुको परामर्शमा) फर फारक नीति वनाइ शुन्यतामा लगीनेछ।

३.२.८ गाउँपालिका क्षेत्रभित्र संचालनमा रहेको उद्योग, व्यवसायहरुलाई करको दायरामा ल्याउन कर संकलन प्रणालीलाई प्रभावकारी वनाउनदै विशेष अभियान संचालन गर्ने र उत्कृष्ट करदातालाई सम्मान गर्ने नीति लिइनेछ।

३.२.९ सेवाग्रहीले अन्य निकाय बाट सेवा लिदा गाउँपालिकाको कर चुक्ता अनिवार्य गराउन सम्वन्धित निकाय संग समन्वय गरिनेछ।

## ३.३ सुशासन नीति

३.३.१ गाउँपालिका क्षेत्रमा हुने र भएका क्रियाकलाप लगायत अन्य गतिविधीको गाउँवासीहरुलाई सुसुचित हुने अवसर दिनको लागि निजि तथा संस्थागत साझेदारीएवं सहभागितामा एफ.एम संचालन एवं पत्रपत्रिका प्रकाशन व्यवस्थापनको कामलाई प्राथमिकतामा राखी सुविधा उपलब्ध गराउने कार्यलाई प्रथमिकता दिइ सुचनालाई प्रभावकारी वनाउन गाउँपालिकामा संचार डेस्क (इकाई) संचालन गरिनुका साथै सवै सूचना जानकारी बिधुतिय माध्यमबाट सार्वजनिक गरिनेछ।

३.३.२ गाउँपालिका बाट दिइने सेवाहरुको सुचना एवम जानकारीहरु सार्वजनिक गराउने विवरणहरु तथ्याङ्क, सुचना, कर, नीति योजना तथा कार्यक्रम लगायतका विषयहरुमा वद्युतिय प्रणाली मार्फत संचालन गर्ने व्यवस्था गरीनेछ।

३.३.३ गाउँपालिका भित्र निजी क्षेत्रबाट संचालन हुदै आएका सार्वजनिक यातायातमा उपभोक्ता मैत्री बनाउन सम्बन्धित पक्षहरु संग समन्वय गरी उपयुक्त नीति द्धारा व्यवस्थापन गराइने छ।

## ३.४ पूर्वाधार विकास नीति

३.४.१ गाउँपालिका क्षेत्रभित्र अत्यावश्यक सडकहरुको लागि गाउँपालिका यातायात गुरुयोजना(MTMP) निर्माण गरी विस्तृत योजना प्रतिवेदन तयार गरी लागु गरिनेछ।

३.४.२ नेपाल सरकारद्धारा निर्धारण गरिएको मार्गदर्शन एवं राष्ट्रिय भवन संहिता समेतका आधारमा निर्धारण गरिएको भवन निर्माण सम्बन्धि मापदण्डलाई आधार मानी स्थानीय आवश्यकताका आधारमा समग्र शहरी बिकास तथा भौतिक पूर्वाधार निर्माणलाई अगाडि बढाइने छ।

३.४.३ गाउँपालिका क्षेत्रको सडक सन्जालमा सबै गाउँबासीहररुको पहुँच बढाउन आबश्यकता र औचित्यको आधारमा नयाँ सडकको निर्माण भन्दा भएको सडकहरुको स्तरोन्नति गरिनेछ। साथै गाउँपालिका क्षेत्रमा रहेको रणनितिक सडक, सहायक सडक, गोरेटो बाटो आदिको सिमाङ्कनको कार्यलाई क्रमश प्राथमिकताका आधारमा अगाडि बढाइने छ।

३.४.४ गाउँपालिकाको मुख्य सडक र बस्तीहरुमा सौर्य बत्तीको ब्यबस्था गर्न पहल गरिनेछ।

३.४.५ गाउँपालिकाबाट निर्माण गरिने सार्वजनिक पूर्वाधारहरु लाई यथासम्भव फरक क्षमता भएका व्यक्ति मैत्री बनाईने छ।

३.४.६ गाउँपालिका क्षेत्र भीत्र आवश्यक पर्ने खानेपानी, पर्यटन, यातायात, खेलकुद लगायतका क्षेत्रहरु सार्वजनिक(निजी साझेदारी (PPP) अवधारणाका आधारमा उपयुक्त कार्यक्रमहरु संचालन गरीनेछ।

३.४.७ गाउँपालिका क्षेत्रमा भएका विद्युत लाइनका पोल तथा वितरीत लाइनहरु व्यवस्थीत रुपमा सुधार गरी विद्युत सेवा उपयोगमा सवैको पहुच पुर्याउन सम्बन्धित निकाय संग समन्वयात्मक पहल गरिनेछ।

## ३.५ आर्थिक विकास नीति

३.५.१ युवाहरु रोजगारीको शिलशीलामाविदेश जाने क्रमलाई निरुत्साहित गर्न विभिन्न उपयुक्त तालिमहरु उपलब्ध गराई स्वदेशमै स्वराजगार सिर्जना गरी एक घर एक रोजगार अभियान लाई सफल पार्न पहल गरिनेछ।

३.५.२ कृषि क्षेत्रमा व्यवसायीक खेती तर्फ उन्मुख हुन प्राथमिकता दिइने छ।

३.५.३ व्यवसायिक रुपमा विषादी रहित प्राङगारिक कृषि उत्पादन गर्ने कृषकलाई प्रोत्साहन गरिनेछ।

३.५.४ कृषि क्षेत्रको विकासका लागि आवश्यक अनुदान दिईनेछ।

३.५.५ सहकारी क्षेत्रको समग्र विकास गरी कृषि र पशुपंक्षिमा आधारित सहकारी उद्योगको विकास र बजारीकरणमा जोड दिने नीति लिईनेछ।

३.५.६ गरिबी निवारण कोषद्धारा प्रवर्द्धित सामुदायिक संस्थामा विकास गरी रोजगारी प्रबर्द्धन गरिनेछ।

३.५.७ कृषि उपज बृद्धि गर्न सिचाई व्यवस्थाका लागि कृषि विद्युतिकरण कार्य अगाडी बढाईनेछ।

## ३.६ सामाजिक विकास नीति

३.६.१ यस गाउँपालिकाको वडा नं. ७ को सिसवामा निर्माणको लागि प्रस्तावित सुविधा सम्पन्न २५ सैयाको अस्पताल निर्माण कार्य लाई यथासिघ्र कार्यान्वयन गर्न पहल गरिने छ।

३.६.२ यस गाउँपालिका क्षेत्र भीत्र प्रत्येक वडावासीको पहुँच पुग्ने गरी घुम्ती स्वास्थ्य, मधुमेह, उच्च रक्त चाप, थाइराइड, मृगौला, क्यान्सर, मुटु रोग, आङ खस्ने समस्या जस्ता रोगको निशुल्क स्वास्थ्य परिक्षण शिविर, एम्बुलेन्स सेवा, लगायत का सेवा सुविधालाई सहज र सरल ढंगले उपयोग गर्न सकने वातावरण वनाउन आवश्यकता अनुसार निजी तथा संस्थागत साझेदारी सहभागिता समेतलाई अवलम्वन गरी प्रभावकारी ढंगले योजना वनाइने छ।

३.६.३ पोषणयुक्त भोजन, व्यक्तिगत सरसफाई, सामाजिक दुरी, मास्कको प्रयोग, योगा, आयुर्वेदिक र बैकल्पिक उपचार विधिहरुको उपयुक्त प्रयोग गरी नागरिकहरुको रोग प्रतिरोधात्मक क्षमतामा बृद्धि ल्याउन कार्यक्रम संचालन गरिनेछ।

३.६.४ नियमित खोप सेवा, नियमित स्वास्थ्य परिक्षण र उपचार सेवालाई रोकिन नदिन सजगता अपनाई प्रभावकारी उपायहरु अवलम्बन गरिनेछ।आवश्यक तथ्यांक सूचना संकलन गरी कोभिड-१९ बाट प्रभावित आम नागरिक खासगरी बालबालिका, महिला, किशोर किशोरीहरु, बृद्ध-बृद्धा तथा अन्य जोखिममा परेका व्यक्तिहरुका लागि मनोसामाजिक परामर्श सेवा कार्यक्रम संचालन गरिनेछ।

३.६.५ नेपाल सरकार संघीय मामीला तथा सामान्य प्रशासन मन्त्रालयको सहयोग प्रस भएसम्मका लागि तोकिएकोनीति अनूरुप सामाजिक परिचालन कार्यक्रमलाई निरन्तरता दिइने छ।

३.६.६ नेपाल सरकारले उपलब्ध गराउदै आएको सामाजिक सुरक्षा भत्ता समय सापेक्ष सहज रुपमा उपलब्ध गराउन पहल गरिनेछ।

३.६.७ लक्षित वर्गको क्षमता बृद्धि गरी आत्मानिर्भर वनाउन चेतनामुलक, शिपमुलक, आयमुलक तालिमहरुको व्यवस्थापन गरी रोजगारका अवसरहरुको पहिचान सहित उपयुक्त अवसर उपलब्ध गराउने छ।

३.६.८ गाउँपालिकाको स्वामित्वमा रहेको सम्पति तथा अन्य सार्वजनिक सम्पदाहरुको उचित संरक्षण गर्ने कार्यलाई निरन्तरता दिइने छ।

३.६.९ गाउँपालिका भित्र संचालित मा.वि तथा आधारभुत विद्यालयहरुको भौतिक संरचना सुधार तथा गुणस्तरीय शिक्षा उपलब्ध गराउन पहल गरिनेछ।

३.६.१० यस गाउँपालिका भित्र परम्परागत रुपमा संचालन हुने मेला,जात्रा पर्व, दाफा, भजन आदि जस्ता धार्मिक परम्परालाई संरक्षण गर्दै त्यस्ता पर्वहरुलाई सास्कृतिक, पर्यटन विकासको रुपमा स्थापित गरिदै लगिने छ।

३.६.११ यस गाउँपालिका क्षेत्रमा रहेका सम्पदा, मठ, मन्दिर, सत्तल पाटी पौवा तथा विद्यालयहरुको उपयुक्त पुन निर्माणकालागि समन्वयात्मक पहल गरिने छ।

३.६.१२ गाउँपालिका स्तरीय खेलकुद विकास समिति गठन गरी परिचालन गरिनेछ।

३.६.१३ गाउँ क्षेत्र भीत्रका गरिव तथा जेहेन्दार वद्यार्थीहरुको उच्च शिक्षा अध्ययनको लागि गाउँपालिकाको तर्फ बाट गरिव र जेहेन्दार छात्रवृत्ती कोष स्थापना गरि कार्यविधीद्धार संञ्चालन गरिनेछ।

३.६.१४ ८ वटै स्वास्थ्य चौकीहरुको काम थप प्रभावकारी बनाईनेछ।

## ३.७ वन वातावरण र फोहोरमैला तथा विपद् व्यवस्थापन सम्बन्धी नीति

३.७.१ यस गाउँपालिका क्षेत्र भित्र रहेको सार्वजनिक जग्गाहरुको लागत संकलन गरी संरक्षण गरिनेछ। यस्ता सार्वजनिक जग्गाहरुमा वृक्षरोपण गरी हरित क्षेत्रको विकास गर्ने नीति लिई आम्दानीको स्रोत व्यवस्थापनमा सहयोग पुग्ने गरी जडीवुटी, फलफुल लगायत उपयुक्त उत्पादनको उचित व्यवस्थापनको साथै उद्यान, पार्क निर्माण तथा ब्यवस्थापन गर्नको लागि आवश्यक योजना अघि बढाइनेछ।

३.७.२ गाउँपालिका क्षेत्रमा वातावरणीय प्रभाव लाई न्यूनिकरण गर्नको लागि सवै उद्योगहरुलाइ आवद्यीक वातावरणीय प्रभाव मूल्याकंन अनिवार्य रुपमा गर्न लागाई व्यवस्थित गरीने छ। साथै नयाँ संचालन हुने उद्योग व्यवसायमा स्थानीय स्रोत साधान र जनशक्तीलाई प्राथमिकता दिई सवै वाल श्रम मुक्त उद्योग व्यवसाय संचालन गराउने नीति लिइनेछ।

३.७.३ गाउँपालिका क्षेत्र भित्र फोहर मैला व्यवस्थापन गर्नको लागि उत्पादन गर्नेले नै सफाई गर्नुपर्ने नीति अनुरुप सफाई कर,दस्तुर संकलन गरी सोही रकमबाट गाउँपालिका सफाई अभियान संचालन गरिनेछ। यसका लागि निजी क्षेत्र संग समेत साझेदारी गरिनेछ।

३.७.४ गाउँपालिकाको लगानीबाट संचालन हुने योजनाहरुमा उपभोक्ताहरुको योगदान अनिवार्य गराउने तथा सम्झौता पुरा नगर्नेलाई कारवाहिको दायरामा ल्याउन एवं निर्माण भएका योजनाहरुको दिगो उपयोगको लागि उपभोक्ता समिति मार्फत नियमित रेखदेख तथा मर्मत संभारको जिम्मेवारी दिने र सो प्रयोजनको लागि मर्मत संभार कोषको स्थापना गरी व्यवस्थित गरिने छ।

३.७.५ फोहोर मैलाको अल्पकालीन तथा दीर्घकालीन व्यवस्थापनको लागि 3R(फोहर घटाउने, पुनर प्रयोग, पुनर उत्पादन) सिद्धान्तलाई व्यवहारमै कार्यान्वयन गर्न समुदाय तथा बिद्यालयमा आधारित अनुशिक्षण कार्यक्रमहरु संचालन गरिनेछ।

३.७.६ एकघर एक विरुवा अनिवार्य लगाउनु र हुर्काउनु पर्ने र नभएमा सो वापत जरिवाना असुल उपर गर्ने र विरुवा लगाउने घरधनीहरु लाई प्रत्साहनात्मक नीति कार्यान्वयन गरिनेछ।

३.७.७ गाउँपालिका भित्र संचालित ईटा भट्टाहरुलाई प्रदुषण मुक्त बनाउन उद्योगीहरुलाइ प्रोत्साहित गरिनेछ।

## ३.८ भुमि व्यवस्थापन तथा भवन नियमन नीति

३.८.१ गाउँपालिकाका क्षेत्रभित्रका घरहरुको क्रमश Block No तयार गरी GPS प्रणालीमा आवद्ध गर्न पहल गरिनेछ।

३.८.२ राष्ट्रिय भवन निर्माण संहिता र उपत्यका शहरी विकास प्राधिकरणको भवन निर्माण सम्बन्धि मापदण्ड २०६४, सडक विभाग, DOLIDAR, तत्कालिन गाउँपरिषद्का निर्णयहरु समेतको विस्तृत अध्ययन गरी भवन निर्माण मापदण्ड तयार गरी कार्यान्वयनमा ल्याइनेछ।

३.८.३ यस गाउँपालिकालाई योजनावद्ध ढंगले विकास गर्न भु उपयोग नीति अन्तर्गत कृषी उत्पादन क्षेत्र, औद्योगिक क्षेत्र, आवास क्षेत्र, हरियाली क्षेत्र, खुल्ला क्षेत्र, समेतको आवश्यक क्षेत्रहरुको पहिचान गरी विषेश क्षेत्र निर्धाण गर्ने कार्यलाई शुरु गराउन पहल गरिने छ।

३.८.४ गाउँपालिका भित्र प्लटिङ्ग तथा प्लानिङ्ग गर्नका लागि अधिकार प्राप्त निकायहरुमा दर्ता भइ मापदण्ड पुरा गरेका व्यवसायिक सस्था तथा व्यक्ति लाई तोकिएका सवै मापदण्ड पुरा गर्ने शर्तमा स्वीकृती प्रदान गरिनेछ। यस्ता कार्यबाट सार्वजनिक प्रर्ति जग्गा अधिक्रमण नहुने र वातावरणिय रुपमा असर पर्ने तर्फ सतर्कता अपनाइनेछ।

### ३.९ न्याय कानुन तथा  मानव अधिकार प्रवर्धन नीति

३.९.१ सामाजिक सदभाव, विपद व्यवस्थापन लगायत शान्ति सुरक्षाको सम्बन्धमा सम्बन्धित निकाय संगको विगत देखिको समन्वय,सहकार्य लाई अझ बढी प्रगाढ र फलदायी बनाउदै लगिने छ।

३.९.२ गाउँपालिकालाई आवश्यक पर्ने ऐन, कानून, नियम र निर्देशिका वनाई विधिको शासनलाई पूर्णरुपमा कार्यान्वयन गरिनेछ।

### ३.१० योजना अनुगमन तथा तथ्याङ्क नीति

३.१०.१ गाउँपालिका बाट संचालन गरिने योजना तथा कार्यक्रमहरु लाई गुणस्तरीय रुपमा छिटो छरितो रुपमा सम्मपन्न गर्नको लागि प्रत्येक आ.व. को जेष्ठ मसान्त सम्म सम्पन्न गरी सो को भुक्तानी फर फारक गरी सक्नु पर्ने नीति अवलम्वन गरि अषाढमा एकै पटक हतारमा कार्य सम्पन्न गर्ने प्रचलनलाई सुधारत्मक रुपमा व्यवस्थापन गरिनेछ।

३.१०.२ गाउँपालिका क्षेत्र भित्र संचालन हुने योजनाको विस्तृत एवं सार्वजनिक जानकारी हुने गरी योजना संचालन स्थलमा योजना विवरण राख्नु पर्ने प्रावधान शुरु गरिनेछ।

३.१०.३ स-साना योजनालाई एकीकृत गरी समयमै सम्पन्न हुन सक्ने उपलब्धी मूलक योजनालाई प्राथमिकताका आधारमा क्रमश संचालन गर्ने नीति लिइनेछ।

**सभाध्यक्ष ज्यूबाट दफाबार छलफलको लागि सदस्यहरुलाई समय प्रदान एवं छलफल।**

सभाध्यक्ष ज्यूबाट छलफलमा उठेका कुराहरुको प्रष्टिकरण सहित निर्णायार्थ आर्थिक वर्ष २०७९/०८० को नीति तथा कार्यक्रम पेश गर्न प्रस्तुतकर्ता सभा सदस्य एवं उपाध्यक्ष श्री सुनैना कुमारी चौधरीलाई अनुमति प्रदान।

सभा सदस्य एवं उपाध्यक्ष श्री सुनैना कुमारी चौधरीबाट **आर्थिक वर्ष २०७९/०८० को नीति तथा कार्यक्रम** सभा समक्ष निर्णयार्थ पेश।

सभाध्यक्षज्यू वाट निर्णयार्थ हुन्छ भन्नुहुने सदस्यले हुन्छ, हुन्न भन्ने सदस्यले हुन्न। तटस्थ वस्नेले मत दिन्न भन्नुहोला भन्ने प्रस्ताव पेश।

हुन्छ ..........
हुन्न ............
मत दिन्न .......

सवै सदस्यहरुले हुन्छमा मत जाहेर गरेको र हुन्न तथा तटष्ठ बस्छु मा मत जाहेर नभएकोले सभाध्यक्षज्यू वाट **आर्थिक वर्ष २०७९/०८० को नीति तथा कार्यक्रम** सर्वसम्मत पारित भएको घोषणा।।

सभाध्यक्ष ज्यूबाट कार्यपालिकाको तर्फबाट सभा सदस्य श्री सुनैना कुमारी चौधरी लाई आ.व. २०७९/०८० मा गाउँपालिकाले कर गैरकर तथा राजश्व लगाउने/उठाउने कार्य व्यवस्थित गर्नको लागि तयार **करैयामाई गाउँपालिकाको अर्थ सम्बन्धि विधेयक,२०७९** गाउँ सभा समक्ष पेश गर्ने अनुमति प्रदान गर्दछु।

सभा सदस्य श्री सुनैना कुमारी चौधरी बाट आ.व. २०७९/०८० मा गाउँपालिकाले कर गैरकर तथा राजश्व लगाउन/उठाउने कार्य व्यवस्थित गर्नको लागि कार्यपालिकाले तयार **करैयामाई गाउँपालकाको अर्थ सम्बन्धी विधेयक, २०७९** आ.व. २०७९/०८० मा गाउँपालिकाले कर, गैरकर तथा राजश्व लगाउने/उठाउने कार्य व्यवस्थित गर्नका लागि **करैयामाई गाउँपालिका अर्थ सम्बन्धी विधयेक,२०७९** गाउँ सभामा पेश।

## करैयामाई गाउँपालिकाको आर्थिक विधेयक,२०७९
## करैयामाई गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन

**प्रस्तावनाः**

करैयामाई गाउँपालिकाको अर्थ सम्वन्धी ऐन, २०७८ (स्थानीय कर तथा गैरकर राजश्व संकलन गर्ने, छुट दिने तथा आय संकलन कार्य गर्ने ऐन) मा केहि शिर्षक छुटेका, केहि विषय प्रष्ट नभएकालाई समेत समावेश र प्रष्ट पारी वाँकी साविक अनुसार नै हुनेगरी संसोधन सहितको करैयामाई गाउँपालिका अर्थ सम्बन्धी ऐन, २०७८ लाई संसोधन/विस्थापन गर्ने विधेयक, २०७८ तयार गरी गाउँसभाबाट पारित गरेर लागु गर्न वाञ्छनिय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम करैयामाई गाउँपालिकाको गाउँ सभाले करैयामाई गाउँपालिकाको अर्थ सम्वन्धी ऐन, २०७८ लाई संसोधन/विस्थापन गर्न वनेको विधेयक, २०७९ पेश गरिएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम "करैयामाई गाउँपालिकाका अर्थ सम्वन्धी ऐन, २०७८ लाई संसोधन/विस्थापन गर्न वनेको विधेयक, २०७९" रहेको छ।

(२) यो ऐन गाउँसभाले पारीत गरी गाउँपालिकाको स्थानीय राजपत्रमा प्रकाशित भएर लागू हुनेछ।

**२. सम्पति करः**

गाउँपालिकाको क्षेत्रभित्र अनुसूचि (१) बमोजिम एकिकृत सम्पत्ति कर/घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ।

**३. भूमि कर (मालपोत)ः**

गाउँपालिका क्षेत्रभित्र अनुसूचि (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ।

**४. घर वहाल करः**

गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ।

**५. व्यवसाय करः**

गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ।

**६. जडिबुटी, कवाडी र जीवजन्तु निकासी करः**

गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि (५) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ।

**७. सवारी साधन करः**

गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (६) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ।तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

**८. विज्ञापन करः**

गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (७) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ। तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

**९. मनोरन्जन करः**

गाउँपालिका क्षेत्रभित्र हुने मनोरञ्जन व्यवसाय सेवामा अनुसूचि (८) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ। तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

**१०. बहाल बिटौरी शुल्कः**

गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि (९) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ।

**११. पार्किङ शुल्कः**

गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (१०) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

**१२. ट्रेकिङ्ग, कोयोकिङ, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर न्याफ्टीङ्ग शुल्कः**

गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिङ, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर न्याफ्टीङ्ग सेवा वा व्यवसाय संचालन गरेवापत अनुसूचि (११) बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ।

**१३. सेवा शुल्क, दस्तुरः**

गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि (१२) मा उल्लेखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ।

**१४. पर्यटन शुल्कः**

गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट अनुसूची (१३) मा उल्लेखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ। तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

**१५. निकासी शुल्कः**

गाउँपालिकाले आफ्नो क्षेत्रभित्र उत्पादन वा उत्खनन भई निकासी हुने सामग्रीहरुमा अनुसूची (१४) मा उल्लेखित दरमा निकासी शुल्क लगाईने र असुल उपर गरिनेछ। तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

**१६. नक्सा पास शुल्कः**

गाउँपालिकाले आफ्नो क्षेत्रभित्र वन्ने घर तथा संरचना निर्माणमा अनुसूची (१५) मा उल्लेखित दरमा नक्सा पास शुल्क लगाईने र असुल उपर गरिनेछ। तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

**१७. नक्सा पास शुल्कः**

गाउँपालिकाले आफ्नो क्षेत्रभित्र काम गर्ने गरी गाउँपालिकामा सहकारी संघ सस्था, कृषक समुह तथा गैर सरकारी संस्था दर्ता नविकरण गर्दा अनुसूची (१६) मा उल्लेखित दरमा शुल्क लगाईने र असुल उपर गरिनेछ। तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

**१८. अन्य शुल्क**

गाउँपालिकाले आफ्नो क्षेत्रभित्र रहेको पोखरी, तालतलैया, तथा बगैचाहरुमा अनुसूची (१७) मा उल्लेखित दरलाई न्यूनतम अंङ्क मानी ठेक्का लगाई आम्दानी गर्न सक्नेछ। तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

**१९. कर छुटः**

यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन।

**२०. कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधीः**

यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँपालिकाले तोके अनुसार हुनेछ।

**अनुसूची (१)**

**सम्पती कर**

| क्र.सं. | विवरण | दर रु | परिमाण | जम्मा |
|---|---|---|---|---|
| १ | सम्पती कर | ० | ० | ० |
| | **जम्मा** | | | **०** |

नेपाल सरकारको निर्देशन दिएमा वा कानुनद्वारा अनिवार्य गरेमा सो ही अवस्थामा कायम गरिए बमोजिम सम्पती कर दररेट निर्धारण गरी लागु गरिनेछ।

**अनुसूची (२)**

**मालपोत**

| क्र.सं. | विवरण | विस्तृत विवरण | दर रु | परिमाण | जम्मा |
|---|---|---|---|---|---|
| १ | मालपोत भुमिकर | खेतः- | | | |
| | | अब्बल प्रति कठ्ठा | १० | ३०००० | ३००००० |
| | | दोयम प्रति कठ्ठा | १० | १०००० | १००००० |
| | | सिम प्रति कठ्ठा | १० | १०००० | १००००० |
| | | घडेरीको जग्गामा (रुपैया १५धुरको ) | १५ | ५०० | १५०००० |
| | | उद्योग भएको जग्गामा प्रति कठ्ठा | १०० | ० | ० |
| **नोटः** चालु आर्थिक वर्षभित्र कर नबुझाउनेलाई दोस्रो वर्ष जम्मा कर रकममा २५ प्रतिशत तेस्रो वर्षमा ३५ प्रतिशत गरी प्रत्येक थप वर्षमा १० प्रतिशत थप जरिवाना लाग्नेछ।तर आर्थिक वर्ष २०७५/०७६ भन्दा अगाडी मालपोत रकम र जरिवाना साविककै नियम र दररेट अनुसार लाग्नेछ। | | | | | ० |
| | | | | | ० |
| | | | | | ० |
| | | | **जम्मा** | | ६१५००० |

**अनुसूची(३)**

**बहाल कर**

| क्र.सं. | विवरण | विस्तृत विवरण | दर रु | परिमाण | जम्मा |
|---|---|---|---|---|---|
| १ | बहाल कर(घर संरचना टहरा जग्गा) | कुल भाडाको १० प्रतिशत | १० प्रतिशत | | ९०००० |
| | **जम्मा** | | | | **९००००** |

## अनुसूची(४)

### व्यवसाय कर

| क्र.सं. | विवरण | विस्तृत विवरण | दर रु | परिमाण | जम्मा |
|---|---|---|---|---|---|
| १ | मदिरा तथा हल्का पेय पदार्थ पसल | वितरक | ५०० | ० | ० |
| | | थोक | ४०० | १० | ४००० |
| | | खुद्रा | ३०० | २० | ६००० |
| २ | चुरोट, बिडी, सुर्ती जन्य | वितरक | ५०० | ० | ० |
| | | थोक | ३०० | २५ | ७५०० |
| | | खुद्रा | २०० | २० | ४००० |
| ३ | सुन, चाँदी पसल | थोक | ५०० | ० | ० |
| | | खुद्रा पसल र मर्मत | १००० | १० | १०००० |
| ४ | औषधी पसल | थोक | ५०० | ० | ० |
| | | खुद्रा पसल र मर्मत | २५० | १६ | ४००० |
| ५ | माछा, मासु बिक्रि पसल | | ५०० | २० | १०००० |
| ६ | आयुर्वेदिक औषधी पसल | | ५०० | ० | ० |
| ७ | एग्रोभेट पसल | थोक | ५०० | ० | ० |
| | | खुद्रा | ३०० | २० | ६००० |
| ८ | स्टेशनरी तथा पुस्तक पसल | थोक | ५०० | ० | ० |
| | | खुद्रा | ३०० | २० | ६००० |
| ९ | छपाई तथा प्रकाशन | अफसेट प्रेस | ५०० | ० | ० |
| | | साधारण प्रेस | ३०० | ० | ० |
| १० | कस्मेटिक पसल | | ५०० | २० | १०००० |
| ११ | मोटर पार्ट्स | थोक | ५०० | ० | ० |
| | | खुद्रा | ३०० | ० | ० |
| १२ | प्लाई तथा ग्लास | थोक | ५०० | ० | ० |
| | | खुद्रा | ३०० | २० | ६००० |
| १३ | कपडा/फैन्सी/जुत्ता,चप्पल/व्याग पसल | थोक | ५०० | ० | ० |
| | | खुद्रा | ३०० | २० | ६००० |
| १४ | धगो, टाँक पसल | थोक | २०० | ० | ० |
| | | खुद्रा | १०० | ० | ० |
| १५ | ईलेक्ट्रोनिक पसल (मोबाईल,घडी,क्याल्कुलेटर, अडियो, भिडियो आदी) | थोक | ५०० | ० | ० |
| | | खुद्रा | ५०० | २० | १०००० |
| १६ | हार्डवयेर/मेशिनरी/स्यानिटरी/ मार्बल पसल | थोक | १००० | ० | ० |
| | | खुद्रा | ५०० | २० | १०००० |
| १७ | पेट्रोलियम पदार्थ | पेट्रोल पम्प | ५००० | ४ | २०००० |
| | | पेट्रोल बिक्रि केन्द्र | ३०० | ० | ० |
| | | ग्यास सिलिन्डर सब डिलर | ५०० | ० | ० |
| | | मट्टितेल मात्र बिक्रि | २०० | ० | ० |
| १८ | स्टिल आल्मुनियम पसल | थोक | ५०० | ० | ० |
| | | खुद्रा | ३०० | १० | ३००० |
| १९ | फर्निचर | थोक | १००० | ० | ० |
| | | खुद्रा | ५०० | २० | १०००० |
| २० | ढुंङ्गा तथा गिट्टी, बालुवा बिक्रि वितरण गर्ने | | ५०० | ० | ० |
| २१ | कपडा सिलाई केन्द्र | टेलरिङ्ग आधुनिक | ५०० | १० | ५००० |
| | | हाते मेसिन | ३०० | २० | ६००० |
| २२ | स्नुकर तथा पुल हाउस | | ३०० | ० | ० |
| २३ | क्यारेमबोर्ड | | २०० | ० | ० |

| | | | | | |
|---|---|---|---|---|---|
| २४ | पशु आहार बिक्रि केन्द्र | | ५०० | ० | ० |
| २५ | किराना पसल | थोक | ५०० | १० | ५००० |
| | | खुद्रा | ३०० | ४० | १२००० |
| २६ | फलफुल/तरकारी पसल | थोक | २०० | ० | ० |
| | | खुद्रा | १०० | ४० | ४००० |
| २७ | उपहार/गिफ्ट/खेलौना पसल | थोक | ५०० | ० | ० |
| | | खुद्रा | ३०० | ० | ६००० |
| २८ | भाँडा पसल(स्टिल,प्लास्टिक, आल्मूनियम सबैथरी) | थोक | १००० | ० | ० |
| | | खुद्रा | ५०० | २० | १०००० |
| २९ | माटाको भाँडा पसल | थोक, खुद्रा | ५०० | ० | ० |
| ३० | विशेषज्ञ परामर्श तथा अन्य व्यवसायी सेवा | चिकित्सक | १००० | ० | ० |
| | | कन्सल्टेन्ट सेवा (इन्जिनियरिङ्ग) | १००० | २० | २०००० |
| | | कानुनी व्यवसायी ल-फर्म | १००० | १० | १०००० |
| | | लेखापरीक्षण व्यवसायी | १००० | १० | १०००० |
| | | दन्तचिकित्सक | १००० | ० | ० |
| | | अनुसन्धानकर्ता परामर्श दाता | १००० | ० | ० |
| | | पशु चिकित्सक डाक्टर | ५०० | १० | ५००० |
| | | रोजगार सेवा | ५०० | ० | ० |
| ३१ | ढुवानी तथा ट्रान्सपोर्ट | | ५०० | ० | ० |
| ३२ | पेन्टर/साईनबोर्ड लेख्ने | | २०० | १० | २००० |
| ३३ | जग्गा व्यवसायी | | १००० | १० | १०००० |
| ३४ | निर्माण व्यवसायी वर्ग (घ) | | १००० | २० | २०००० |
| ३५ | ट्राभल एजेन्सी | | ५०० | ० | ० |
| ३६ | ग्रील उद्योग | | ५०० | १० | ५००० |
| ३७ | जुत्ता उद्योग | | ३०० | ० | ० |
| ३८ | घरेलु कुटिर उद्योग (अगरबत्ती, मैनबत्ती, टीका, अचार तथा अन्य कुटिर) | | २०० | ० | ० |
| ३९ | कपडा तथा गार्मेन्ट उद्योग | | ५०० | ० | ० |
| ४० | सिरक डसना उद्योग पसल | | ५०० | २० | १०००० |
| ४१ | कुटानी पेलानी मिल | | ३०० | ४० | १२००० |
| ४२ | मसला मिल | | ३०० | ० | ० |
| ४३ | ईट्टा उद्योग | | १५००० | ४ | ६०००० |
| ४४ | टायल उद्योग | | १००० | ० | ० |
| ४५ | सोलार पसल | | ३०० | ० | ० |
| ४६ | डेरी उद्योग/व्यवसाय | | ३०० | ० | ० |
| ४७ | उपभोग्य बस्तु उत्पादन उद्योग | कुकिज नुडल्स | ३०० | ० | ० |
| | | दालमोट, पाउरोटी, चाउमिन | ३०० | ० | ० |
| | | पापड, चिप्स,फिगर | ३०० | ० | ० |
| ४८ | वनजन्यउद्योग | स:मिल प्लाइउड उद्योग | ३००० | १० | ३०००० |
| | | काठ बिक्रि डिपो | ३००० | १० | ३०००० |
| ४९ | सर्तिजन्य उद्योग | | १००० | ० | ० |
| ५० | होटेल लज रेष्टुरेन्ट | होटेल र लज | १००० | ० | ० |
| | | भोजनालय | ३०० | ० | ० |
| | | मिठाई पसल | ३०० | २० | ६००० |
| | | पार्टी प्यालेस | १००० | ६ | ६००० |

| | | | | | |
|---|---|---|---|---|---|
| | | रेष्टुरेन्ट-बार | २००० | ० | ० |
| | | चिया र खाजा पसल | २०० | २० | ४००० |
| | | खाना,खाजा,नास्ता पसल (मदिरा सहित) | १००० | १० | १०००० |
| ५१ | टेनट हाउस | | ५०० | १२ | ६००० |
| ५२ | संचार | एफ एम प्रसारण | १००० | ० | ० |
| | | केबल च्यानल प्रसारण | १००० | ० | ० |
| | | पत्रपत्रिका प्रकाशन सेवा | ३०० | ० | ० |
| | | फोटोकपी, पि.सि.ओ. साईबर तथा क्याफे | ५०० | १० | ५००० |
| | | कुरियर सेवा | ३०० | ० | ० |
| | | कलर ल्याव/फोटो स्टुडियो | ३०० | ० | ० |
| ५३ | वित्तिय | वाणिज्य बैंक प्रतिशाखा/केन्द्रिय कार्यालय | ५०० | ० | ० |
| | | विकास बैंक प्रतिशाखा/केन्द्रिय कार्यालय | ३००० | ६ | १८००० |
| | | फाइनान्स कम्पनी प्रति शाखा कार्यालय | १००० | ६ | ६००० |
| | | वित्तीय/ऋण सहकारी संस्था | ५०० | १० | ५००० |
| | | मनी ट्रान्सफर | ५०० | १० | ५००० |
| | | बिमा कम्पनी | १००० | ० | ० |
| | | लघुवित्त | १००० | ६ | ६००० |
| ५४ | स्वास्थ्य सेवा व्यवसाय | निजी अस्पताल तथा नर्सिङ्ग होम | १०००० | ० | ० |
| | | क्लिनिक तथा ल्याव | १००० | १० | १०००० |
| ५५ | पशुपन्छी फार्म | दर्ता | १००० | ० | ० |
| | | नविकरण | ३०० | | ० |
| ५६ | मासु पसल दर्ता | | ५०० | १० | ५००० |
| ५७ | चस्मा पसल | | ४०० | ० | ० |
| ५८ | शिक्षा सेवा निजी | क्याम्पस | १०००० | ० | ० |
| | | मा/.वि.उ.वि.मा. | ५००० | ० | ० |
| | | आधारभुत | ३००० | ० | ० |
| | | प्राथमिक | ३००० | १० | ३०००० |
| | | छात्रावास | १००० | ० | ० |
| | | मन्टेश्वरी | १००० | ० | ० |
| | | पूर्व प्राथमिक | २००० | ० | ० |
| | | ट्यूशन सेन्टर | ५०० | ० | ० |
| | | कम्प्युटर/नृत्यकला सिकाइ केन्द्र | ५०० | ० | ० |
| | | तलिम तथा अनुसन्धान केन्द्र | ५०० | ० | ० |
| ५९ | मर्मत सम्भार | टायर–टयुव मर्मत, रिसोलिङ्ग, हावा भर्ने | ३०० | १० | ३००० |
| | | इन्जिन मर्मत | ५०० | ० | ० |
| | | डेन्टिङ्ग पेन्टिङ्ग | ५०० | ६ | ३००० |
| | | टि.भि., फ्रिज, मोटर, पङ्खा, रेडियो, घडी, जेनेरेटर, कम्प्युटर, मोबाइल | ५०० | १० | ५००० |
| | | मोटरसाईकल मर्मत | ५०० | ८ | ४००० |

| | | | | | |
|---|---|---|---|---|---|
| | | बस, ट्याक्सी लगायतका सवारी साधन | १००० | ० | ० |
| ६० | ड्राई किल्निक, व्युटी पार्लर तथा सैलुन | | २०० | ० | ० |
| ६१ | फुल बिरुवा पसल | | २०० | ० | ० |
| ६२ | गैर सरकारी संस्थाहरु | राष्ट्रिय | ३०० | ६ | १८०० |
| | | अन्तराष्ट्रिय | ५०० | ० | ० |
| | **जम्मा** | | | | ५३३३०० |

यस अनुसूचीमा उल्लेखित व्यवसाय दर्ता गर्दा यस वर्षको लागि कायम गरिएको वार्षिक कर बाहेक वार्षिक कर दर जति छ तेतिनै व्यवसाय दर्ता दस्तुर लगाईने र एक पटक दर्ता भई दर्ता प्रमाणपत्र प्राप्त गरी सकेकाहरुको हकमा दर्ता लाग्ने शुल्क लाग्ने छैन व्यवसाय कर मात्र माग्नेछ।

## अनुसूची (५)

## जडिबुटी, कवाडी र जीवजन्तु निकासी कर

| क.सं. | विवरण | विस्तृत विवरण | दर रु | परिमाण | जम्मा |
|---|---|---|---|---|---|
| १ | | | ० | ० | ० |
| | **जम्मा** | | | | **०** |

## अनुसूची (६)

## सवारी साधन कर

| क.सं. | विवरण | विस्तृत विवरण | दर रु | परिमाण | जम्मा |
|---|---|---|---|---|---|
| १ | सवारी साधन दर्ता शुल्क | सानो/ठुलो/हेवि | ० | ० | ० |
| २ | पटके सवारी कर | सानो/ठुलो/हेवि | ० | ० | ० |
| | **जम्मा** | | | | ० |

## अनुसूची(७)

## विज्ञापन कर

| क.सं. | विवरण | विस्तृत विवरण | दर रु | परिमाण | जम्मा |
|---|---|---|---|---|---|
| १ | विज्ञापन कर सार्वजनिक स्थानमा विज्ञापन वा साईनबोर्ड राखे वापत बार्षिक कर | प्रति स्क्वयर फिट | २०० | ५०० | १०००० |
| | **जम्मा** | | | | **१००००** |

## अनुसूची (८)

## मनोरञ्जन कर

| क.सं. | विवरण | विस्तृत विवरण | दर रु | परिमाण | जम्मा |
|---|---|---|---|---|---|
| १ | मेला लगाउने | निजी स्थानमा | १००० | १० | १०००० |
| | **जम्मा** | | | | **१००००** |

## अनुसूची (९)

## बहाल बिटौरी शुल्क

| क.सं. | विवरण | विस्तृत विवरण | दर रु | परिमाण | जम्मा |
|---|---|---|---|---|---|
| १ | हाटबजार कर | प्रत्येक पसल प्रति दिन | २० | ० | ० |
| २ | बहाल बिटौली कर | टहरो छाप्रो मासिक | १००० | ० | २०००० |
| | | घुम्ती मासिक | ५०० | ० | १०००० |
| | | ठेला मासिक | ३०० | ० | ६००० |
| | **जम्मा** | | | | **३६०००** |

हाट वजार लगाउदा वाजार भित्र राखिने वस्तु वा सामाग्री, त्यसले ओगट्ने क्षेत्र र व्यवशाय हुने प्राथमिकता हेरेर दर रेट कायम गरी त्यसका आधारमा मुल्याङ्कन गरी ठेक्काको लागि रकम अनुमान गरेर वढावढ प्रकृयाद्धारा ठेक्का लगाउन सकिनेछ।

## अनुसूची (१०)
## पार्किङ शुल्क

| क्र.सं. | विवरण | विस्तृत विवरण | दर रु | परिमाण | जम्मा |
|---|---|---|---|---|---|
| १ | मोटरसाईकल | प्रति पटक | ५ | ६००० | ३०००० |
| २ | लाईट गाडी | प्रति पटक | १० | ० | ० |
| ३ | हेभी गाडी | प्रति पटक | २० | ० | ० |
| | **जम्मा** | | | | ३०००० |

## अनुसूची (११)
## ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिप फ्लायर, र्याफ्टिङ्ग शुल्क

| क्र.सं. | विवरण | विस्तृत विवरण | दर रु | परिमाण | जम्मा |
|---|---|---|---|---|---|
| १ | | | ० | ० | ० |
| | **जम्मा** | | | | **०** |

## अनुसूची (१२)
## सेवा शुल्क दस्तुर

